राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
National Natural Resources and Fiscal Commission

प. सः
च. नं. / Ref:

# आगामी आर्थिक वर्षको बजेट तर्जुमाका लागि स्थानीय तहका वित्तीय स्रोत सम्बन्धी जानकारी

नेपाल सरकारबाट हालसालै संघीय संसद समक्ष प्रस्तुत बजेट मार्फत यस आयोगको सिफारिस बमोजिम स्थानीय तहहरुमा हस्तान्तरण हुने वित्तीय स्रोतहरुका सम्बन्धमा कतिपय स्थानीय तहहरुमा केही अन्यौलता र अस्पष्टता रहेको विषय स्थानीय तहहरुबाट आयोगमा प्राप्त टेलिफोन तथा केही स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुले आयोगमै आएर राख्नुभएको जिज्ञासाबाट बुझिन आएको छ । यस सम्बन्धमा केही स्पष्टता आवश्यक भएको देखिएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

स्थानीय तहका वित्तीय स्रोतहरु निम्नानुसार छन्:-

१. संघीय संचित कोषबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान
२. संघीय संचित कोषबाट प्राप्त हुने सशर्त अनुदान
३. सघीय विभाज्य कोषबाट प्राप्त हुने राजस्व बाँडफाँट वापतको रकम
४. संघीय संचित कोषबाट प्राप्त हुने विशेष अनुदान
५. संघीय संचित कोषबाट प्राप्त हुने समपुरक अनुदान
६. संघीय विभाज्य कोषबाट प्राप्त हुने प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँट वापतको रकम
७. प्रदेश संचित कोषबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, राजस्व बाँडफाँटको रकम, सशर्त अनुदान, विशेष अनुदान र समपूरक अनुदान
८. स्थानीय तहको आफ्नै आन्तरिक आय
९. स्थानीय तहले आयोगले निर्धारण गरिदिएको सिमा बमोजिम उठाउने आन्तरिक ऋण तथा संघीय सरकारबाट प्राप्त गर्न सक्ने ऋण

उल्लेखित वित्तीय स्रोतहरु मध्ये नेपाल सकारले संघीय संसदमा पेश गरेको बजेट बमोजिम अर्थ मन्त्रालयबाट प्रकाशित अन्तर सरकारी वित्तीय हस्तान्तरण पुस्तिकामा वित्तीय समानीकरण अनुदान र

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

प. सः
च. नं. / Ref:

सशर्त अनुदान मात्र उल्लेख भएको छ । कतिपय स्थानीय तहमा उक्त पुस्तिकामा उल्लेख भएको रकम मात्र आगामी आर्थिका वर्षको वित्तीय हस्तान्तरणको रकम हुने ठानी सोही बमोजिम आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्न लागेको बुझिएको छ । उक्त पुस्तिकामा उल्लेखित रकमका अतिरिक्त हरेक स्थानीय तहले आगामी वर्ष राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम प्रत्येक महिना प्राप्त गर्नेछन् । वर्षभरिमा कति रकम राजस्व बाँडफाँटबाट प्राप्त हुन्छ भन्ने विवरण अर्थ मन्त्रालयले यस अघि पठाएको राजस्व बाँडफाँटको सिलिङमा उल्लेख गरिएको छ । त्यसैगरी प्रत्येक प्रदेशले समेत आफ्नो प्रदेशभित्र रहेका स्थानीय तहलाई निश्चित रकम वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँट वापत हस्तान्तरण गर्नेछन् । प्रदेश संचित कोषबाट प्राप्त हुने रकम प्रदेश सरकारको आगामी असार १ गते सार्वजनिक हुने आगामी आर्थिक वर्षको बजेटमा समावेश हुनेछ । प्रदेशको वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको आधार र ढाँचा आयोगबाट निर्धारण गरी प्रत्येक प्रदेशको लागि छुट्टाछुट्टै पठाईसकिएको छ ।

अतः स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा अर्थ मन्त्रालयबाट प्रकाशित अन्तर सरकारी वित्तीय हस्तान्तरण पुस्तिकामा उल्लेख भएको वित्तीय समानीकरण अनुदान र सशर्त अनुदानका अतिरिक्त अर्थ मन्त्रालयबाट यस अघि पठाएको राजस्व बाँडफाँटको सिलिङ बमोजिमको रकम र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीरकण अनुदान र राजस्व बाँडफाँटको रकम एवं आफ्नो आन्तरिक स्रोतबाट उठ्न सक्ने रकम समेत जोडी हुन आउने कुल रकम बमोजिमको बजेट तर्जुमा गर्नुपर्दछ । यसका साथै स्थानीय तहहरुले समपुरक अनुदानबाट सञ्चालन गरिने आयोजना र त्यसको बजेट समेत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्न सकिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ ।

यस सम्बन्धी विवरण तथा सूचना आयोगको वेव साईटमा पनि राखिएको छ । थप जानकारी प्राप्त गर्न चाहेमा यस आयोगमा सम्पर्क गर्नुहुन समेत यसै सूचना मार्फत अनुरोध गरिएको छ ।

सिंहदरवार, काठमाडौं, नेपाल, फोन नं. + ९७७-१-४२००५९२, फ्याक्स: + ९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np